**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**टंगाल, काठमाडौं**

मितिः २०७६।०१।२२ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौंमा कार्यरत लेखा अधिकृत प्रकाशचन्द्र भट्टराईले सडक मर्मत सम्पन्न पश्चातको रकम भुक्तानी गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज लेखा अधिकृत प्रकाशचन्द्र भट्टराईलाई सेवाग्राहीसँग रू.२०,०००।- (बीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा मिति २०७६।०१।०२ गते कार्यालय परिसर बाहिरबाट नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज राष्ट्रसेवक कर्मचारी लेखा अधिकृत प्रकाशचन्द्र भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिएकोले निजलाई बिगो रू.२०,०००।- (बीस हजार ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता